जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# जुगल गाउँपालिका

## गाउँकार्यपालिकाको

जुगल गाउँपालिकाको
मिति २०७९ असार ८ गते
बसेको कार्यपालिका बैठकद्वारा
स्वीकृत
२०७९/०४/१०

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत




# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति

## २०७९

## जेठ

# जुगल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय,
# सिन्धुपाल्चोक

## विषय सूची


१. पृष्ठभूमि

  १.१. नगरपालिकाको संक्षिप्त परिचय ....... ३

२. अवस्था विश्लेषण ....... ३

  २.१. SWOT विश्लेषण ....... ४

  २.२. सरोकारवाला पहिचान ....... ७

  २.३. लक्षित वर्ग पहिचान ....... ७

३. दीर्घकालीन सोच (Vission) ....... ७

४. ध्येय (Mission) ....... ८

५. लक्ष (Goal) ....... ८

६. उद्देश्य (Objective) ....... ८

७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy) ....... ९

८. लैससास रणनीति (GESI Strategy) ....... १०

  ८.१. मूलप्रवाहिकरण ....... १०

  ८.२. समावेशीकरण ....... ११

  ८.३. स्थानीयकरण ....... ११

  ८.४. सशक्तिकरण ....... ११

  ८.५. सचेतीकरण ....... ११

  ८.६. संस्थागत संरचना ....... ११

  ८.७. समन्वय ....... १२

  ८.८. सहकार्य ....... १२

  ८.९. सहजीकरण ....... १२

  ८.१०. सामाजिक सुरक्षा ....... १३

  ८.११. अनुगमन तथा मूल्याङ्कन ....... १३

९. रणनैतिक कृयाकलापहरु : ....... १३

१०. वित्त व्यवस्थापन ....... १४-१७

११. कानूनी व्यवस्थापन ....... १८

१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ....... १८

१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था ....... १८

१४. सम्भाव्य जोखीम र न्यूनीकरणका उपायहरु ....... १८

  १४.१. सम्भाव्य जोखीमहरु ....... १९

  १४.२. जोखीम न्यूनीकरणका उपायहरु ....... १९

१५. निष्कर्ष ....... २०

....... २०


जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

# जुगल गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९

## १. पृष्ठभूमि तथा जुगल गाउँपालिकाको परिचय :

नेपालको राजधानी काठमाण्डौंबाट सबैभन्दा नजिक रहेको हिमाल जुगलको काखमा रहेको जुगल गाँउपालिका बागमती प्रदेशमा पर्दछ । मुलुक संघीय संरचनामा गए पश्चात् साविकका सेलाङ, गोल्चे, गुम्बा, पाङताङ, बराम्ची, हगाम गरी ६ वटा गाविसहरु मिलाएर जुगल गाउँपालिका गठन गरीएको हो । यस गाउँपलिकामा ७ वटा वडाहरू रहेका छन् । सिन्धुपाल्चोक जिल्लाको उत्तरपुर्वी क्षेत्रमा पर्ने यस गाउँपालिका ५९६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । उत्तरमा रसुवा जिल्ला र चीन, दक्षिण तर्फ चौतारा साँगाचोकगढी नगरपालिका, इन्द्रावती गाउँपालिका र बलेफी गाउँपालिका, पूर्वमा बाह्रविसे नगरपालिका र भोटेकोशी गाउँपालिका तथा पश्चिमतर्फ पाँचपोखरी थाङपाल गाउँपालिका रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार जुगल गाउँपालिकामा ४५४९ घरधुरी संख्या र ४६९८ परिवार संख्या रहेका छन् । जसमा महिला ९४९१ र पुरुष ९६५७ गरी जम्मा १९१४८ जना जनसंख्या रहेको २०७८ को राष्ट्रिय जनगणनाको प्रतिवेदनले देखाएको छ ।

गाउँपालिकाले २०७७ मा गरेको घरधुरी सर्वेक्षण अनुसार ५१७५ घरधुरी र २७६६२ जनसंख्या रहेको छ । उक्त सर्वेक्षण अनुसार कुल जनंख्या मध्ये १४२९९ (५१.६९ प्रतिशत) पुरुष र १३३६३ (४८.३४ प्रतिशत) महिला रहेका छन् । यस सर्वेक्षणबाट प्राप्त नतिजाका आधारमा पुरुषको भन्दा महिलाको संख्या कम छ । परिवारको औषत आकार ५.३ रहेको छ ।

करिब ६० प्रतिशत भन्दा बढि तामाङ समुदायहरुको बाहुल्यता रहेको यस गाउँपालिकामा बाहुन, क्षेत्री, नेवार, विश्वकर्मा, शेर्पा आदि जातिहरुको समेत बसोबास रहेको पाइन्छ । हिन्दु, बौद्ध र क्रिशिचियन धर्म मान्ने समुदायहरु प्रमुख छन् । प्राकृतिक सौन्दर्यले धनि यस गाउँपालिकामा साँस्कृतिक विविधता पनि रहेको छ । जुगल हिमाल आरोहण र पदमार्ग, गुम्बा, मन्दिर, झरना, झोलुङ्गे पुल, जुगल हिमाल आसपासमा पोखरीहरु, दोमङ पोखरी, डल्ले पोखरी, बुद्ध पार्क, निर्माणाधिन हाइड्रोपावरहरु, वडा तथा गाउँपालिका भवनहरु, रत्न राज्य माध्यमिक विद्यालयको सुविधा सम्पन्न भवन यहाँको प्रमुख आकर्षणको केन्द्र रहेका छन् । यहाँका बासिन्दाहरुको धेरै जसो वैदेशिक रोजगार, ज्याला मजदुरी, कृषि तथा पशुपालन व्यवसाय, चौरीपालन व्यवसाय, होमस्टे, शिक्षण र केही सरकारी सेवामा प्रवेश गरी आ-आफ्नो पेशा अंगालिरहेका र दैनिक जीवन गुजारा गरीरहेका भेटिन्छन् । बालबिवाह, बहुविवाह, जातिय विभेद र छुवाछुत, जुवातास, निर्माण कार्यमा अवरोध, लागूपदार्थ दुर्व्यसनी, अत्याधिक मदिरा सेवन, गरीबी र बेरोजगारी यस गाउँपालिकाको प्रमुख समस्या तथा चुनौतीहरु हुन् ।

स्लेट ढुङ्गाको निकासी बापत संकलित राजश्व यस गाउँपालिकाको प्रमुख आम्दानीको श्रोत हो । जुगल हिमालसँग सम्बन्धीत रक क्लाइमिङ, स्की, हाईकिङजस्ता पर्यटकीय क्रियाकलाप, जडिबुटी खेती, जलविद्युत उत्पादन र कृषि तथा पशुपालन (चौरी) उत्पादनको बजारीकरण सम्भावित आम्दानीको श्रोत हुन सक्छन् भनि पहिचान गरीएको छ ।

**गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्न, लैंगिक सशक्तिकरण गर्न, सामाजिक न्याय सहितको समृद्ध जुगल निर्माण गर्न, लैंगिक आधारमा हुने सबै प्रकारको विभेदको अन्त्य गर्न, महिलाको क्षमता, श्रम, सीप र सिर्जनालाई विकास प्रक्रियामा लगाउन, सामाजिक समानता कायम गर्न जुगल गाउँपालिकामा लैगिंक समानता तथा सामाजिक समावेशीकरण रणनीति बनाईएको हो ।**

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

नेपालको संविधान, दिगो विकासको लक्ष्य, राष्ट्रिय एवं प्रादेशिक, आवधिक योजनाहरु, संघ, प्रदेश र जुगल गाउँपालिकाका कानूनहरु, नीति तथा कार्यक्रमहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का प्रावधानहरु, विभिन्न राजनीतिक दलका प्रतिवद्धताहरुलाई यस रणनीतिक योजनाको प्रमुख आधारहरु मानिएका छन् ।

## २. अवस्था विश्लेषण

अवस्था विश्लेषणमा SWOT विश्लेषण, सरोकारवाला पहिचान र लक्षित वर्ग पहिचान गरी ३ वटा क्षेत्रहरुमा गरीएको छ :

### २.१ SWOT विश्लेषण

जुगल गाउँपालिकालाई लैंगिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट हेर्दा गाउँपालिकाका सवल पक्ष Strenthness, Weakness दुर्वल पक्ष, Opportunity अवस र Threats चुनौती निम्नानुसार विश्लेषण गरीएको छ । SWOT जुगल गाउँपालिकाको विश्लेषण गर्दा लैङ्गिक दृष्टिकोणबाट यस पालिकामा बनेका नीति कानून, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्वहरुलाई प्रमुख आधारहरु मानिएको छ ।

**क) सबल पक्ष (Strenthness)**

१. स्थानीय कानूनमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण समम्बन्धी प्रावधान रहेको छ ।

२. वार्षिक नीति तथा कार्यक्रम, योजना र बजेटमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयहरु समावेश भएका छन् ।

३. लक्षित विकास कार्यक्रमको लागि थोरै प्रतिशतमा भएपनि बजेट विनियोजन गरीएको छ ।

४. उपभोक्ता समिति गठन गर्दा अध्यक्ष, सचिव वा कोषाध्यक्ष पदमध्ये कुनै एउटा पदमा अनिवार्य महिला हुनुपर्ने, खाता सञ्चालनमा महिला अनिवार्य हुनुपर्ने, समितिका पदाधिकारीहरुमा महिलाको ३३ प्रतिशत सुनिश्ति गरीएको छ ।

५. स्थानीय तहको जननिर्वाचित पदाधिकारीहरुमा १८ जना महिला छन् भने ३२ जना महिला कर्मचारीहरु रहेका छन् । ४ जना महिला कर्मचारीहरु शाखा प्रमुखका रुपमा समेत कार्यरत छन् ।

६. स्थानीय तहबाट सेवा करारमा कर्मचारीहरु पदपुर्ती गर्दा महिलाहरुलाई थप अंक प्रदान गरी प्राथमिकतामा राख्ने गरीएको छ ।

७. GESI लैङ्गिक सम्पर्क व्यक्ति र त्यस सवालमा काम गर्नको लागि छुट्टै शाखाको समेत व्यवस्था गरीएको छ ।

८. लैङ्गिक हिंसा निवारणका लागि गाउँपालिकाको तर्फबाट १० बुँदे घोषणा पत्र जारी गरी कार्यान्वयनमा ल्याईएको छ । स्थानीय तहबाट गठन हुने सबै प्रकारको समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुबाट प्रतिनिधित्व सुनिश्चित गराईएको छ ।

९. लैंगिक हिंसा निवारण कोष स्थापना भईसकेको छ यद्यपी यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१०. महिला तथा लक्षित वर्गको लागि सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धिका लागि नीतिगत व्यवस्था सहित बजेट विनियोजन गरीएको छ र उनीहरुकै आवश्यकतानुसार खर्च भईरहेको छ ।



जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

११. गाउँपालिकाको आफ्नो छुट्टै पार्श्वचित्र(Village Profile) निर्माण गरी आधारभूत खण्डिकृत सूचना संकलन तथा अद्यावधिक गरीएको छ ।
१२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुलाई बैंकिङ प्रणालीमा आवद्ध गरी त्यसको विवरण समेत अद्यावधिक गरीएको छ ।
१३. नव निर्वाचित पदाधिकारी बाहेक पहिलेका पदाधिकारी तथा कर्मचारीहरुले समावेशी विकास तथा लैंगिक हिंसा निवारण सम्बन्धी तालिम प्राप्त गरेकाछन् ।
१४. महिलाहरुलाई प्राथमिकतामा राखी लोक सेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षाहरु सञ्चालनमा ल्याइएको छ ।
१५. महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्नेखालका अभिमुखीकरण कार्यक्रमका लागि बजेट विनियोजन गरीएको छ ।
१६. बाल विवाह न्यूनीकरण अभियान कार्यक्रम सफलतापूर्वक सम्पन्न गरीएको छ ।
१७. नव निर्मित भौतिक पूर्वाधारहरु महिला, बालबालिका तथा अपाङ्गमैत्री बनाईएको छ ।
१८. गाउँपालिकामा स्वास्थ आमासमूहहरु गठन गरी स्वास्थ्य कार्यालयको अनुदानमा सुधारिएको चुल्हो वितरण गरीएको छ ।
१९. सामुदायिक स्वास्थ्य चौकीहरुबाट परिवार नियोजन, मातृशिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, जनस्वास्थ्य लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरु नियमित रुपमा सञ्चालन भईरहेका छन् ।
२०. विद्यालय जाने उमेरसमूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाईएको छ ।
२१. गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, योजना र बजेट तर्जुमा गर्दा महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वोरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु समावेश भएका छन् ।
२२. स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको आचारसंहिता स्वीकृत गरी कार्यन्वयनमा ल्याईएको छ ।
२३. गाउँपालिकाको Website एवं प्रकाशित पुस्तिकाको माध्यमबाट स्थानीय तहबाट नियमित रुपमा वार्षिक योजना तथा कार्यक्रमहरु सार्वजनिक गर्ने गरीएको छ ।
२४. गाउँपालिकाबाट प्रवाह हुने सूचनालाई स्थानीय भाषा (तामाङ भाषा)मा समेत प्रसारण गर्ने गरीएको छ ।
२५. स्थानीय तहबाट सञ्चालित कार्यक्रम तथा परियोजनाहरुबाट महिला, दलित, यूवा, किसानहरुले मापन योग्य लाभ लिईरहेका छन् ।
२६. जुगल गाउँपालिकाले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानून तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरेको छ ।

**ख.दुर्वल पक्ष (weakness)**

१. प्रदेश र संघको कार्यक्रम लैङ्गिक समानता, समाजिक समावेशीकरणमैत्री कानून व्यवहारमा प्रभावकारी रुपमा लागू नभएको ।
२. पालिकामा लैङ्गिक समानता, समाजिक समावेशीकरण प्रावधान भएतापनि व्यवहारमा प्रभावकारी रुपमा लागू नभएको ।
३. राष्ट्रिय गौरवका योजनालाई पालिकाले समेट्न नसक्नु, राष्ट्रिय गौरवका योजनाले यस पालिकालाई प्राथमिकतामा पार्न नसक्नु ।



जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लोक बहादुर वि.क प्रमुख प्रशासकिय अधिकृत

४. जतिसुकै सामाजिक रुपान्तरणका कार्यक्रम सञ्चालन गरीएको भएतापनि अझै जातिय छुवाछुत कायम रहनु ।
५. छोराछोरीबीच हुने विभेद अझै कायम रहेनु ।
६. पालिकाबाट समान कामको समान ज्याला वितरण गरेतापनि सम्बन्धित संस्थाले असमान ज्याला दिने गरेको अवस्था विद्यमान हुनु ।
७. लैङ्गिक समानता, समाजिक समावेशीकरण सम्बन्धी काम गर्ने स्थानीय, राष्ट्रि तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था यस पालिकामा कार्यरत नहुनु ।
८. बसाई सरी आउनेहरु लैङ्गिक समानता, समाजिक समावेशीकरण सम्बन्धी समस्यामा परेको देखिएको ।
९. कानुन कार्यान्वयन तथा योजना कार्यान्वयन गर्ने कर्मचारीलाई प्रोत्साहन तथा पुरस्कृत नगरीनु ।
१०. किसान तथा मजदुरलाई प्रोत्साहन तथा पुरस्कृत गरीएको छैन ।
११. स्थानीय तहमा गरीवी मापनका सुचक निर्धारण गरीएको छैन ।
१२. पर्याप्त रुपमा दक्ष कर्मचारीको व्यवस्थापन नभएको अवस्था ।

**ग.अवसर(Opportunities)**

१. महिला जनप्रतिनिधिहरु र महिला कर्मचारीहरुको संख्या बढी रहेको,
२. लक्षित वर्ग उन्मुख वार्षिक नीति तथा कार्यक्रम, योजना र बजेट तर्जुमा गरीएको,
३. गाउँपालिकामा लैङ्गिक समानता, समाजिक समावेशीकरण हेर्ने छुट्टै शाखाको व्यवस्था गरीएको फलस्वरुप आगामी दिनमा यो रणनीति कार्यान्वयन गर्न सहज हुने ।
४. विभन्न वर्ग, क्षेत्र, लिङ्ग र धर्मको विविधता रहेको हुँदा समावेशिकरण झनै प्रभावकारी हुनसक्ने ।
५. गाउँपालिकामा रोजगार सिर्जनाको अवसर रहेको ।
६. उपभोक्ता समितिबाट गर्ने निर्माण कार्यमा महिलाको सहभागीता सुनिश्चित रहेको,

**घ.चुनौती (Threats)**

१. छोरा र छोरीबीचको विभेद कायमै रहनु ।
२. समान काममा महिलालाई दिने ज्याला समानको व्यवस्था भएतापनि पुरुष सरह बनाउन ।
३. लैङ्गिक समानता, समाजिक समावेशीकरण सम्बन्धी काम गर्ने गैरसरकारी संघ संस्थाहरु भित्र्याउन ।
४. कर्मचारीहरुबाट उत्कृष्ट कार्यसम्पादन प्राप्त गर्न ।
५. कानुन पढेका र बुझेका जनप्रतिनिधिहरु तथा कर्मचारीहरु पाउन ।
६. बैदेशिक पलायनलाई रोक्न ।
७. गाउँपालिकाको आन्तरिक स्रोत बढाउन ।
८. आयआर्जन एवं जीविकोपार्जनसँग सम्बन्धीत कृषि तथा गैरकृषि कृयाकलापहरुमा महिलाको सहभागिता बढाउन ।
९. गाउँपालिकामा व्याप्त गरीबी घटाउन ।
१०. लैङ्गिकसमानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कानुन कार्यान्वयन गर्न ।
११. लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई समाजले सकरात्मक दृष्टिकोणले हेर्ने वातावरण बनाउन ।



जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

## २.२ सरोकारवालाको पहिचान

लैंगिक समानता तथा सामाजिक समावेशीकण रणनीति कार्यान्वयनको कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरीएको छ ।

| प्रथम पक्ष | द्वितीय पक्ष | तृतीय पक्ष |
|---|---|---|
| सामाजिक विकास समिति | आमा समूहहरु | संघ तथा प्रदेश सरकार |
| महिला बालबालिका तथा ज्येष्ठ नागरीक शाखा | महिला, दलित, अपाङ्ग, ज्येष्ठ नागरीक, किशोरी सञ्जालहरु | संघ तथा प्रदेश स्तरका विभिन्न आयोगहरु |
| प्रशासन शाखा | गैर सरकारी संस्थाहरु | अन्तर्राष्ट्रिय दातृ निकायहरु |
| योजना शाखा | बैंक तथा वित्तिय संस्थाहरु | प्रदेश सुशासन केन्द्र |
| शिक्षा शाखा | विद्यालय, कलेज र विश्वविद्यालयहरु | |
| स्वास्थ्य शाखा | पेशागत संघ संगठनहरु | |
| न्यायीक समिति | विकास साझेदारहरु | |
| वडा कार्यालय | स्वयंसेवक समूह तथा क्लवहरु | |
| गाउँ कार्यपालिका | राजनीतिक दलहरु | |
| गाउँ सभा | सञ्चार माध्यमहरु | |
| विषयगत समिति | उद्योग व्यवसायी, निर्माण व्यवसायी,यातायात व्यवसायी | |

## २.३ लक्षित वर्ग पहिचान

जुगल गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत देहाय बमोजिम लक्षित वर्गहरु पहिचान गरेको छ :

१. महिला
२. दलित
३. आदिवासी
४. आदिवासी जनजाती
५. मधेशी
६. थारु
७. मुस्लिम
८. उत्पीडित वर्ग तथा पछाडि पारिएका वर्ग
९. अल्पसंख्यक/सिमान्तकृत
१०.किसान/श्रमीक
११. अपाङ्गता भएका व्यक्तिहरु
१२. द्वन्द्वपीडित
१३. सुकुम्बासी
१४.बालबालिका/यूवा/ज्येष्ठ नागरीक
१५.लैंगिक तथा यौनिक अल्पसंख्यक
१६. अशक्त र असहाय

माथि उल्लेखित तीनै प्रकारका विश्लेषणबाट जुगल गाउँपालिकाको वर्तमान अवस्थाका सबै पक्षहरु थाहा भएको छ । सबल पक्ष, दुर्वल पक्ष, अवसर र चनौतीहरु सँगै लैङ्गिक समानता तथा सामाजिक

समावेशीकरण रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु पहिचान भइसकेका छन् । धेरै भन्दा धेरै सबल पक्षहरु पहिचान भएका छन् ती सबल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न सकिन्छ भन्ने दृढ अठोट र पूर्ण विश्वास बढेको छ ।

### ३. दिर्घकालीन सोच (Vision)

सामाजिक न्याय सहितको समृद्ध जुगल निर्माण गर्ने

### ४. ध्येय (Mission)

वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक र लैङ्गिक विभेदको अन्त्य गर्ने ।

### ५. लक्ष्य (Goal)

समानुपातिक, समावेशी र सहभागितमूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने ।

### ६. उद्धेश्य (Objectives)

१. लक्षित वर्गहरु माथि कायम रहेका असमानता, व्यवहारगत विभेद, हिंसा र शोषणको अन्त्य गर्न गाउँपालिकाले विशेष नीति अवलम्बन गर्ने ।

२. लक्षित वर्गहरुको उत्थान, अभिमूखीकरण, सशक्तिकरण, सीपमूलक कार्यमार्फत आयआर्जनमा वृद्धि गरी दैनिक जीवन गुजारामा गुणस्तरीय परिवर्तन, विकास र संरक्षण गर्ने ।

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको संरक्षण एवं प्रवर्द्धन गर्ने ।

४. सामाजिक तथा साँस्कृतिक विविधताको उचित संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र आवश्यक व्यवस्थापन गर्ने ।

५. लैङ्गिक समानता, सामाजिक समावेशीकरण GESI सम्बन्धी संवैधानिक प्रावधान तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता र सवालहरु (Issues) लाई गाउँपालिका सुहाउँदो मौलिक रुपमा स्थानीयकरण गरी कार्यान्वयन गर्ने ।

### ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)

मथि उल्लेखित उद्देश्यहरु परिपूर्तिको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिने छ ।

- वर्षिक बजेट निर्माण गर्दा सामाजिक विकास पूर्वाधार, कृषि, वन तथा भूमिसुधार, गरिबी निवारण, स्थानीय विकास तथा शान्ति तथा सूशासनसँग सम्बन्धित सबै क्षेत्रको बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने ।
- हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवस्थाको परीक्षण गरी त्यसले औंल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।
- महिला तथा बालिकासंग सम्बन्धित सबै अन्तराष्ट्रिय सन्धि सम्झौता, प्रतिवद्धताहरु तथा दीगो विकास र लक्ष्यलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पूरा गर्दै लैजाने ।



जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

- पालिकाले निर्माण गरेका सबै कानून, नीति नियम, निर्देशिका, कार्यविधिहरु, महिला बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित, लोपोन्मुख, सिमान्तकृत, आदीबासी, जनजाति सहित समग्र लक्षित वर्ग मैत्री बनाउँदै लैजाने ।
- लैससास बारे संविधानमा भएका व्यवस्थाहरुको कार्यान्वन गर्न, वर्तमान संघीय शासन प्रणाली स्वरुप, नीति, नियम, ऐन, कानून, कार्यविधि साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संसथागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।
- लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा ज्येष्ठ नागरिकहरुको सवाललाई प्रत्यक्ष रुपमा सम्वोधन गर्दै लैजाने ।
- वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु सञ्चालन गरी महिला पुरुष समविकासलाई बढवा दिने ।
- लक्षित वर्ग पहिचान हुनेगरी खण्डिकृत तथ्यांकहरु संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।
- बालिका, अपाङ्गता भएका व्यक्ति एवं ज्येष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।
- मानव संसाधन विकास शाखा स्थापना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै लैजाने ।
- निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका बारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।
- सामाजिक कुरीतिहरुका विरुद्ध सचेतनालाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने ।
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता सामाजिक विकासका क्षेत्रहरुमा लैससाससँग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने
- लक्षित वर्गहरुको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै उनीहरुलाई शक्ति, पद, अवसर, श्रोत साधनमा पहुँच र अधिकारले सम्पन्न बनाईनेछ ।
- आर्थिक, सामाजिक, लैङ्गिक, राजनीतिक, सांस्कृतिक, भौगोलिक रुपले पछाडि परेका वर्गहरुको संरक्षण, उत्थान, सशक्तिकरण र विकासको लीगि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यन्न र सामाजिक सुरक्षामा विशेष अवसर र लाभ उपलब्ध गराईनेछ ।
- लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति, कानून, बजेट विनियोजन तथा कार्यक्रम तर्जुमा गरीनेछ ।



जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

- लैङ्गिक उत्तरदायी बजेट मार्फत सबै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरी लैङ्गिक मुलप्रवाहीकरण गरीनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि गाउँपालिकाले आन्तरिक वा बाह्य समन्वय र सहकार्य गरीनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा भएका/गरेका हरेक गतिविधिहरुमा अनुगमन र मूल्याकंनको संयन्त्रलाई मापन योग्य र प्रभावकारी बनाईनेछ ।
- विविधताहरु बीच एकता कायम गरी सबै जुगलबासीहरुलाई आफ्नो पहिचान सहित आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको श्रृजना गरिनेछ ।
- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, कूरीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र हिंसा, अन्यायको अन्त्य गर्ने ।
- सामाजिक एवं साँस्कृतिक विविधता कायम राख्दै समानता एवं समन्वय, सहअस्तित्व र सहकार्यको आधारमा विभिन्न जातजाती र समुदायको भाषा, लिपी, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने ।
- अन्तर्राष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धता तथा दीगो विकास लक्ष्यका बारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखिकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हाँसिल गर्न निरन्तर कार्यक्रम तय गरी सञ्चालन गरीनेछ ।

## ८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति (GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछ :

### ८.१. मूल प्रवाहिकरण

- महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरु, योजना, बजेट, पहुँचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्याङ्कन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरी विकास प्रकृयामा मूलप्रवाहिकरण गर्ने ।
- लैङ्गिक उत्तरदायी बजेट मार्फत सबै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि, कानूनी प्रबन्ध संस्थागत सुधार तथा क्षमता विकासको माध्यमबाट लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।



लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

८.२. **समावेशीकरण**

- विकासका अवसरबाट वञ्चित समुदायलाई आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धित सबै कृयाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

८.३. **स्थानीयकरण**

- अन्तराष्ट्रिय सन्धी सम्झौता, प्रतिवद्धता तथा दीगो विकास र ल्षका बारेमा सरोकारवाला पक्षहरुलाई अभिमूखिकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासिल गर्ने ।

८.४. **सशक्तिकरण**

- लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत वञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकतासँगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक, आर्थिक क्षेत्रका सबै कृयाकलापहरुमा प्रतिष्पर्धीको रुपमा आउनसक्ने बनाउने ।
- स्वरोजगार रोजगारी र उद्यमशीलताको एकिकृत कार्यक्रमका माध्यमबाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशिक्तकरण गर्ने ।
- कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमबाट विपन्न तथा वञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार बन्ने अवसर प्रदान गर्ने ।

८.५. **सचेतीकरण**

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बारे संविधान, ऐन, कानून, नीति, कार्यविधि, दिग्दर्शनका प्रावधान, कार्यप्रणाली र समावेशीताका बारेमा सबै सरोकारवाला पक्षहरुलाई अभिमूखीकरण गरी कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याउने ।
- समाजमा विद्‌यमान कूरीतिहरु, अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्‌य सवाल (Cross Cutting Issue) को रुपमा छलफल गर्दै लैजाने ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरान्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

## ८.६. संस्थागत संरचना

- संघीय तथा प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने । साथै कालिकाले निर्माण गर्ने हरेक ऐन, कानून, कार्यविधिहरु निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समुदायको सहभागिता सुनिश्चित गर्ने ।

## ८.७. समन्वय

- विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजना, उपभोक्ता समिति तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन तथा मूल्याङ्कनलाई लैससासमैत्री बनाउँदै लैजाने ।
- प्रदेश सरकार, संघीय सरकार, विभिन्न अन्तराष्ट्रिय विकास साझेदार संस्थाहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससासमैत्री नीति, योजना तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

## ८.८.सहकार्य

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखाहरु त्था अन्य विकास साझेदारहरु (बैङ्क, वित्तिय संस्था, सहकारी, उद्योग वाणिज्य संघ, घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) बीच सहकार्य गर्ने
- प्रदेश सरकार, संघीय सरकार, विभिन्न विकास साझेदार निकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुसँग लैससासमैत्री साझा प्रतिफल हासिल गर्न सहकार्य गर्ने ।

## ८.९. सहजीकरण

- वहिष्करणमा परेका वर्गहरुलाई आर्थिक, सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जुमादेखि अनुगमन तथा मूल्याङ्कनसम्म हरेक चरणमा वस्ती तथा समुदायस्तरमा नै सहजीकरण गर्ने संयन्त्र विकास गरी परिचालन गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी तथा गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान, आयोग, समितिहरुसँग समन्वय, सहकार्यको लागि संयन्त्र मार्फत नियमित रुपमा सहजीकरण गर्ने ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३



लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

८.१०. सामाजिक सुरक्षा

- नागरिक जो आफैं आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नागरिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरु इस अर्न्तगत पर्दछन् भने ती वर्गको संरक्षण, स्वास्थ्य, शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।
- सामाजिक सुरक्षा अन्तर्गत अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख जातजातिहरु, दलित, मुस्लीम लगायत पर्दछन् र ती वर्गको सुरक्षा, स्वास्थ्य, शिक्षा तथा जीविकोपाजर्नमा सहयोग गर्दै लैजाने ।

८.११. अनुगमन तथा मूल्याङ्कन

- प्रत्येक चरणमा गरिने अनुगमन तथा मूल्याङ्कनमा लैससासको दृष्टिकोणबाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सूचक समेत थप गरी अनुगमन तथा मूल्याङ्कनलाई लैससासमैत्री बलाउँदै लैजाने ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

## ८.रणनैतिक कृयाकलापहरु

| क्र.सं. | उद्देश्य | रणनीति | रणनैतिक क्रियाकलाप | मापनका सूचकहरु | पुस्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्गहरु माथि कायम रहेका असमानता, व्यवहारगत विभेद, हिंसा र शोषण हटाउन गाउँपालिकाले विशेष नीति अवलम्बन गर्ने, | लक्षित वर्गहरुको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै उनीहरुलाई शक्ति, पद, अवसर, श्रोत साधनमा पहुँच र अधिकारले सम्पन्न बनाईनेछ । | १. लक्षित वर्गहरु माथि हुने सबै प्रकारको असमानता, विभेद, हिंसा र शोषणको विरुद्ध आचारसंहिता बनाई प्रभावकारी रुपमा लागू गर्ने<br>२. लक्षित वर्गहरु माथि हुने सबै प्रकारको असमानता, विभेद, हिंसा र शोषणको अन्त्य गर्न हरेक समुदायमा आधारित सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>३. लक्षित वर्गबाट प्रतिनिधित्व गरेका जनप्रतिनिधिहरुलाई गाउँपालिका अन्तर्गत रहने विभिन्न समिति तथा विषयगत समितिहरुमा निर्णायकको रुपमा क्षमता विकास गराई संयोजकको भूमिका प्रदान गर्ने<br>४. गाउँपालिकाबाट पदपुर्ती गरीने सेवा करारमा लक्षित क्षमता विकासका र्याक्रम सञ्चालन गरी उक्त वर्गहरुलाई थप अंक प्रदान गरी प्राथमिकता दिइने<br>५. समान काममा पुरुष र महिलाले समान ज्याला पाए/नपाएको अनुगमन गरी नपाएको देखिएमा समान ज्याला प्रदान गरीने<br>६.उपभोक्ता समितिको अध्यक्ष पदमा रहि कार्य सम्पन्न गर्न महिलालाई सम्मान गरीने । | १. जनप्रतिनिधिहरु र कर्मचारीहरुको आचारसंहिता बनाई लागू प्रभावकारी रुपमा गरेको हुनेछ ।<br>२. वर्षिक नीति तथा कार्यक्रम, योजना र बजेटमा समावेश हुनेछ ।<br>३. विभिन्न समिति र विषयगत समितिहरु गठन भएको हुनेछ ।<br>४. गाउँपालिकामा कार्यरत कर्मचारीहरु मध्ये ४५ प्रतिशत लक्षित वर्गका हुनेछन् ।<br>५. समान ज्याला कार्यन्वयन निर्देशिका बनाई लागू गरीनेछ ।<br>६. उपभोक्ता समितिमा महिला अध्यक्षहरुको ३३ प्रतिशत पुऱ्याईनेछ । | १. स्थानीय राजपत्रमा प्रकाशित आचारसंहिता ।<br>२. वर्षिक नीति तथा कार्यक्रम, योजना र बजेट पुस्तिका ।<br>३. गाउँ सभा र कार्यपालिका बैठकका निर्णयहरु ।<br>४. गाउँपालिकाबाट पदपुर्तीको लागि आव्हान गरीएको सूचना लगायत पदपूर्ती प्रक्रिया सँग सम्बन्धीत कागजातहरु ।<br>५. अनुगमन गरेको प्रतिवेदन, माईन्युट<br>६. सम्मान कार्यक्रमको तस्बिर र माईन्युट । |
| २ | लक्षित वर्गहरुको उत्थान, सशक्तिकरण, विकास र संरक्षण गर्ने, | आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गहरुको संरक्षण, उत्थान, सशक्तिकरण र क्षमता, सीप | १. आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्गहरु पहिचान गर्ने ।<br>२. शिक्षित र स्वस्थ परिवार घोषणा कार्यक्रमको थालनी गर्ने । | १. खण्डीकृत तथा अन्य आवश्यक तथ्याङ्क संकलन र अद्यावधिक भएको हुनेछ । | १. तथ्याङ्कको विवरण<br>२. शिक्षित र स्वस्थ परिवारहरुलाई वितरण गरीएको प्रमाणपत्र |



गाउँ जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | विकासको लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यन्न र सामाजिक सुरक्षामा विशेष अवसर, छात्रवृत्ति र लाभ उपलब्ध गराईनेछ । | ३. अति विपन्न परिवारहरुको सीप, दक्षता र योग्यता बढाउने खालको योजना र बजेट विनियोजन गर्ने ।<br>४. लक्षित वर्गहरुलाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनको लागि समुचित व्यवस्था गरीनेछ । ५. आर्थिक रुपले विपन्न, असहाय र अशक्त अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्नेहरुलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउने ।<br>६. बेरोजगारहरुको सूचि तयार गरी उनीहरुकै रुचि अनुसारको रोजगार दिलाउन कोसिस गर्ने<br>७. सबै जुगलवासीहरुको सुरक्षित आवास र खाद्य सुरक्षाको प्रत्याभूति गर्ने ।<br>८. जुगल गाउँपालिकाका विज्ञ, विशेषज्ञ, सामाजिक भावना भएका व्यक्तिहरु जो देशभित्र वा बाहिर छन्, उनीहरुको पहिचान गरी आवश्यक सहयोग लिने प्रयास गर्ने । | २. शिक्षित र स्वस्थ परिवारको सङ्ख्या वृद्धि हुनेछ ।<br>३. वर्षिक नीति तथा कार्यक्रम, योजना र बजेटमा समावेश हुनेछ ।<br>४. सामाजिक सुरक्षा भत्ता नियमित अद्यावधिक तथ्यांक सहित वितरण भएको हुनेछ ।<br>५. बेरोजगारहरुले पालिकाले सिर्जना गर्ने अनुकुल रोजगार पाएका हुनेछन् ।<br>६. जोखिम वस्तीहरु सर्वेक्षण गरी स्थानान्तरण र पुर्नस्थापना भएको हुनेछ ।<br>७. खाद्य संकट र भोकमरीको अवस्था समाधान गरी खाद्य सुरक्षाको व्यवस्था सुनिश्चित भएको हुनेछ । | ३. वार्षिक नीति तथा कार्यक्रम, योजना र बजेट पुस्तिका<br>४. सामाजिक सुरक्षा भत्ता वितरण गरीएको अभिलेख<br>५. बेरोजगारीहरुको तथ्याङ्कमा घटोत्तरी भएको अभिलेख अद्यावधिक<br>६. जोखिम बस्तीहरुको सर्भेक्षण रिपोर्ट र पुर्नस्थापना गरीएको घरधुरी संख्या विवरण<br>७. खाद्य संकट र भोकमरी मुक्त गाउँपालिका घोषणा कार्यक्रम |
| ३ | लैंगिक समानता तथा सामाजिक समावेशीकरणको संरक्षण एवं प्रवर्द्धन गर्ने | १.लैंगिक समानता सम्बन्धी क्षेत्रगत नीति,रणनीति, कानून, कार्यविधि तथा कार्यक्रम तर्जुमा गरीनेछ ।<br>२. लैङ्गिकउत्तरदायी बजेट मार्फत सबै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरी | १. आर्थिक, सामाजिक, पूर्वाधार, विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा महिलाको अनिवार्य संलग्नता देखिने नीति तथा कार्यक्रम र कानून बनाई अनिवार्य लागू गर्ने ।<br>२. लैङ्गिकउत्तरदायी बजेट प्रति अझ बढी संवेदनशील, उत्तरदायी एवं | १. विकास प्रक्रियामा महिलाको संलग्नता ३३ प्रतिशत पुगेको हुनेछ ।<br>२. लैंगिक उत्तरदायी बजेट कुल बजेटमा ५ प्रतिशत विनियोजन भएको हुनेछ ।<br>३. गाउँपालिका भित्रका सरोकारवाला पक्षहरु, | १. स्थानीय राजपत्रमा प्रकाशित भएको लैंगिक समानता सम्बन्धी कानूनहरु<br>२. वर्षिक नीति तथा कार्यक्रम, योजना र बजेट पुस्तिका |



जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क

| | | | | | |
|---|---|---|---|---|---|
| | | लैंगिक मुलप्रवाहीकरण गरीनेछ ।<br>३. लैंगिक समानताको लागि गाउँपालिकाले आन्तरिक वा बाह्य समन्वय र सहकार्य गरीनेछ।४. लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा भए/गरेका हरेक गतिविधिहरुमा अनुगमन र मूल्याकंनको संयन्त्रलाई प्रभावकारी बनाईनेछ । | जवाफदेही रहन सरोकारवालाको क्षमता विकास गर्ने,<br>३. लैंगिक समानताको लागि गाउँपालिका भित्रका सरोकारवाला पक्षहरु एवं शाखागत समन्वय र सहकार्य हुने वातावरण मिलाईनेछ ।<br>४. विभिन्न गैरसरकारी संघ संस्था तथा प्रदेश र संघ सरकारसँग समन्वय र सहकार्य मार्फत लैंगिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धीत क्रियाकलापहरु सञ्चालन गरीनेछ ।<br>५. सामाजिक विकास समिति मार्फत लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा भए/गरेका हरेक गतिविधिहरुको अनुगमन तथा मूल्यांकन गरी पृष्ठपोषणको आधारमा आगामी नीति तथा कार्यक्रम, योजना र बजेट निर्माण गर्ने | शाखाहरु, गैर सरकारी संयन्त्रहरु, प्रदेश र संघ सरकारसँग समन्वयात्मक कार्यक्रमहरु भएका हुनेछन् ।<br>४. सामाजिक विकास समितिको अनुगमन तथा मूल्यांकन प्रतिवेदन गाउँ सभा वा कार्यपालिका बैठकमा पेश भई छलफल भएको हुनेछ । | ३. समन्वय र सहकार्यमा भएका कार्यक्रमहरुको अभिलेख/माइन्युट<br>४. गाउँसभा र कार्यपालिका बैठकहरुका निर्णयहरु |
| ४ | सामाजिक तथा साँस्कृतिक विविधताको व्यवस्थापन गर्ने | १. विविधताहरु बीच एकता कायम गरी सबै जुगलबासीहरुलाई आफ्नो पहिचान सहित आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको श्रृजना गर्ने<br>२. समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने । | १. जुलगबासीहरुको आफ्नो धर्म, कला, सँस्कृति, भाषा, साहित्य, संगित, चलचित्रको अद्यावधिक सहति अभिलेखिकरण गरीनेछ ।<br>२. जुगलबासीहरुलाई आफ्नो धर्म, कला, सँस्कृति, भाषा, भेषभूषा, चलचित्र आदि प्रदर्शनको लागि पूर्वाधारहरुको व्यवस्था गरीने<br>३. सामाजिक तथा साँस्कृतिक विविधताको नाममा हुने सबै प्रकारको विभेद, असमानता, शोषण र अन्यायको विरुद्ध जनचेतना फैलाउने र कानूनी कारवाहीमा मद्दत गर्ने | १. धर्म, कला, सँस्कृति, भाषा, साहित्य, संगित, चलचित्रहरुको एकीकृत अभिलेखिकरण भएको हुनेछ ।२. तामाङ संग्राहलय, बुद्धपार्क, गुम्बा, घ्याङ, प्रदर्शन प्रतिष्ठान होम स्टे जस्ता पूर्वाधारहरुको विकास भएको हुनेछ ।<br>३. सामाजिक तथा साँस्कृतिक विकृतीहरुको नियन्त्रण भएको हुनेछ । | १. अभिलेख पुस्तिका<br>२. निर्माण भएका भौतिक संरचनाहरु<br>३. विभेद, असमानता, शोषण र अन्याय विरुद्ध भएका अदालतका फैसलाहरु<br>४. आन्तरिक र बाह्य पर्यटकहरुको तथ्याङ्कीय विवरण<br>५. गाउँपालिका भित्र दर्ता भएका विभिन्न क्लव, समूह, संघ संस्थाहरुले गरेका |



गाउँ जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३. सामाजिक एवं साँस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वको आधारमा समन्वय र सहकार्य गर्दै विभिन्न जातजाती र समुदायको भाषा, लिपी, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने । | ४. आन्तरिक एवं बाह्य पर्यटन आकर्षणको लागि एक वडा एक सामाजिक तथा साँस्कृतिक विशेषता झल्किने पर्यटकीय स्थल निर्माण गरीनेछ ।<br>५. गाउँपालिका भित्र भाषा, कला, साहित्य र संगित आदि क्षेत्रसँग आवद्ध क्लब, समूह वा संघ संस्थाहरुको सबलीकरण गरीनेछ । | ४. एक वडा एक सामाजिक तथा साँस्कृतिक विशेषता झल्किने पर्यटकीय पूर्वाधारहरु निर्माण भएको हुनेछ ।<br>५. गाउँपालिका भित्रका सामाजिक तथा साँस्कृतिक क्षेत्रसँग सम्बन्धीत क्लव, समूह, संघ,संस्थाहरु सक्रिय देखिनेछन्, समन्वय र सहकार्य बढेको हुनेछ । | गतिविधिहरुको प्रगती प्रतिवेदन |
| ५ | GESI सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता र सवालहरु ( Issues) लाई गाउँपालिका सुहाउँदो बनाउने | अन्तर्राष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धता तथा दीगो विकास लक्ष्यका बारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखिकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हाँसिल गरीनेछ । | १. महिलाहरुको विश्व सम्मेलनका उपलब्धीहरु, लैंगिक समानता सम्बन्धी दिगो विकासका लक्ष्यहरु र GESI सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको बारेमा जुगलबासीहरुलाई अवगत गराई त्यसको पालना गर्न सचतेना कार्यक्रमहरु सञ्चालन गरीने ।<br>२.GESI सम्बन्धी वकालत, बहस, पैरवी गर्नको लागि जुगल गाउँपालिका भित्र गठन भएका विभिन्न क्लव, समूह तथा सञ्जालहरुको क्षमता बढाउने ।<br>३. GESI सम्बन्धी कार्य गर्ने NGOs/INGOs सँग साझेदारी गरी क्रियाकलापहरु सञ्चालन गरीने | १. GESI सम्बन्धी राष्ट्रिय/ अन्तर्राष्ट्रिय अवधारण, लक्ष्य, उद्देश्य, महत्व, उपलब्धीहरुको बारेमा जुगलबासीहरु सचेत भई व्यवहारमा समेत लागू भएको हुनेछ<br>२. गाउँपालिकामा गठित विभिन्न क्लव, समूह तथा सञ्जालहरुको क्षमता बढेको हुनेछ।<br>३. गाउँपालिका र विभिन्न NGOs/INGOs बीच सहकार्य हुँदा गाउँपालिकाको संस्थागत क्षमता वृद्धि भएको हुनेछ । | १. GESI सम्बन्धी भएका विभिन्न कार्यशाला, गोष्ठि, सेमिनार, अभिमुखिकरण कार्यक्रमहरुको उपस्थिति विवरण<br>२. गाउँपालिका भित्र दर्ता भएका विभिन्न क्लव, समूह, सञ्जाल, संघ संस्थाहरुले गरेका गतिविधिहरुको प्रगती प्रतिवेदन आदि । |

गाउँ जुगल गाउँपालिका कार्यपालिकाको कार्यालय बराम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

## ९. वित्त व्यवस्थापन

**लैङ्गिक समानता, सामाजिक समावेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्नको लागि निम्नानुसार वित्तको व्यवस्थापन गरीनेछ :**

१. लक्षित वर्गको सीप, क्षमता र योग्यताको संरक्षण, सशक्तीकरण र विकास गर्ने खालको योजना र बजेटको व्यवस्था गरीनेछ ।

२. लक्षित वर्गहरुको तर्फबाट माग भएका आर्थिक तथा सामाजिक विकासका योजनाहरुको उचित सम्बोधन हुने गरी कुल बजेटको ५ प्रतिशत बजेट विनियोजन गरीनेछ ।

३. लैंङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा महिलाको प्रत्यक्ष संलग्नतालाई अनिवार्य गरीनेछ ।

४. लक्षित वर्गहरुको सीप विकासलाई सहयोग हुने गरी अनुदान तथा प्रविधि हस्तान्तरणको व्यवस्था गरीनेछ ।

५. GESI सम्बन्धी कार्य गर्ने गाउँपालिका भित्रै गठित भएका विभिन्न क्लब, समूह, सञ्जाल, संघ संस्थाहरुको क्षमता विकास गर्ने खालको कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरी जुगल गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६. GESI मैत्री गाउँपालिका निर्माण गर्नको लागि विभिन्न विषयगत समिति एवं शाखागत समन्वय र सहकार्य कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरीनेछ ।

७. GESI सम्बन्धी परियोजना तथा कार्यक्रम सञ्चालन गर्नको लागि विभिन्न NGOs/INGOs साझेदारी गर्न साझेदारी बजेट विनियोजन गरीनेछ ।

८. गाउँपालिकाभित्र व्याप्त रहेको विकृति, विभेद, छुवाछुत, अन्याय, हिंसा, शोषण, बालविवाह आदि विरुद्ध कानूनी सचेतना कार्यक्रमको लागि बजेट विनियोजन गरीनेछ ।

९. आवश्यकता परेमा संघ तथा प्रदेश सरकारसँग समन्वय गरी हिंसा प्रभावितहरुको सुरक्षा र संरक्षणको लागि अस्थायी सुरक्षित आवास गृहको व्यवस्था गरिनेछ ।

## १०. कानूनी व्यवस्था

जुगल गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी यो रणनीतिलाई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी प्रभावकारी रुपमा तत्काल लागू गरीनेछ। यो रणनीति कार्यान्वयनको लागि आवश्यक अन्य कानून, कार्यविधि तथा कार्ययोजना समेत तर्जुमा गरी लागू गरीनेछ । गाउँपालिकाबाट निर्माण हुने सबै कानूनहरुलाई GESI मैत्री बनाईनेछ र बनिसकेका कानूनहरुलाई पनि GESI मैत्री हुने गरी संशोधन गरीनेछ। GESI को विरुद्धमा हुने सबै कानूनहरु खारेज गरीनेछ। GESI कानूनहरुको पालना गर्न र गराउनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

## ११. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

जुगल गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी यो रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्यिन गर्न तत्काल एक कार्यान्वयन समिति गठन गरीनेछ। गाउँपालिकाका राजनीतिक संरचना र प्रशासनीक संरचनालाई कार्ययोजना सहित आ-आफ्नो जिम्मेवारी तथा दायित्व प्रदान गरीनेछ। राजनीतिक संरचना अन्तर्गत सबै जनप्रतिनिधिहरुलाई कार्यपालिका र गाउँसभा प्रति उत्तरदायी बनाइनेछ भने प्रशासनीक संरचनालाई जनता र जनप्रनिधिहरुप्रति उत्तरदायी बनाईनेछ। त्यसै गरी गाउँपालिकामा गठित विभिन्न समिति र विषयगत समितिहरुलाई GESI को सवालमा ध्यान केन्द्रित गराईन्छ भने विभिन्न दबाब समूह, क्लव, सञ्जाल, संघ संस्थाहरुलाई GESI मैत्री क्रियाकलापहरु सञ्चालन गर्न जिम्मेवारी दिइनेछ ।



जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

१२. **रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था**

रणनीतिमा समावेश भएका क्रियाकलापहरु कार्ययोजना अनुरुप कार्यान्वयन गर्न गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रम, योजना तथा बजेटमा समावेश गरी त्यसको कार्यान्वयन हुनु अघि, कायान्वयन भईरहेको अवस्थामा र कार्यान्वयन पश्चात् निरन्तर रुपमा अुनगमन गरी प्रगती प्रतिवेदन कार्यपालिकामा पेश गर्न सामाजिक विकास समितिलाई जिम्मेवार बनाईनेछ । अनुगमनबाट प्राप्त सुझावहरु यथाशिघ्र कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ । गाउँपालिका कार्यालय र गाउँपालिकासँग आवद्ध विभिन्न समूह, क्लव, सञ्जाल, संघ संस्थाहरुलाई GESI सम्बन्धी प्रगती विवरण र GESI Audit Reprt गाउँसभामा छलफल गरी प्राप्त सकारात्मक सुझावहरुलाई आत्मसात गरी आवश्यक निर्देशन सहित अनुमोदन गरीनेछ ।

१३. **सम्भाव्य जोखिम र न्यूनीकरणका उपायहरु**

लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण एक अन्तरसम्बन्धित विषय भएको हुँदा यसको कार्यान्वयन गर्ने क्रममा विभिन्न जोखिमहरु देखापर्न सक्दछन् र त्यसको न्यूनीकरण तर्फ गाउँपालिकाले समयमै ध्यान दिनुपर्ने हुन्छ। जुगल गाउँपालिकामा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन गर्दा निम्नानुसार सम्भावित जोखिम देखापर्न सक्ने हुन्छ जसलाई देहाय अनुसार न्यूनिकरण गर्न सकिन्छ :

१३.१. **सम्भाव्य जोखिमहरुः-**

१. विभेद, छुवाछुत, शोषणलाई सामाजिक परम्परा र प्रतिष्ठाको रुपमा अझै स्वीकार्नु
२. सामाजिक तथा साँस्कृतिक रुपान्तरणलाई नस्वीकार्नु
३. लक्षित वर्गहरुलाई नेतृत्व र निर्णय प्रक्रियामा नाम मात्रको सहभागिता गराउनु
४. सबै संरचनाहरुमा समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त लागू हुन नसक्नु
५. लक्षित वर्गलाई कमजोर वर्गको रुपमा मात्र हेर्नु
६. सरोकारवालाहरुलाई GESI लङ्गिक समानता तथा सामाजिक समावेशीकरण संम्बन्धी पर्याप्त ज्ञान नहुनु र गौण विषयको रुपमा हेर्नु ।
७. पितृसत्तात्मक सोचलाई परिवर्तन गर्न कठीन ।
८. गाउँपालिकामा दक्ष जनशक्तिको अभाव हुनु ।
९. गाउँपालिकाको श्रोत र साधन पर्याप्त नहुनु ।
१०. रणनीति सम्बन्धी कार्ययोजना अनुरुप क्रियाकलापहरु सञ्चालन हुन नसक्नु ।
११. अनुगमन र मूल्यांकन संयन्त्र बलियो नहुनु ।

१३.२. **जोखिम न्यूनीकरणका उपायहरु**

१. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सामाजिक एवं कानूनी सचेतना निरन्तर सञ्चालन गर्ने ।

२. लक्षित वर्गहरुको नेतृत्व विकास र निर्णय प्रक्रियमा सक्रिय सहभागिता बढाउन क्षमता विकास तालिमहरु सञ्चालन गर्ने ।

३. सरोकारवालाहरुलाई क्षमता विकास सम्बन्धी तालिम प्रदान गर्ने ।

४. रणनैतिक क्रियाकलापहरुलाई कार्ययोजना अनुरुप सञ्चालन गर्नुपर्ने ।

५. GESI Audit Report र GESI लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अर्डिट गरी लैससास सम्बन्धी गतिविधिहरुको सार्वजनिक सुनुवाई कार्यक्रम हरेक वर्ष राख्नुपर्ने ।

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३



लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत

६. गाउँपालिकाको कुल बजेटको कम्तिमा ५ प्रतिशत बजेट GESI लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा अनिवार्य विनियोजन गर्नुपर्ने ।

## १४. **निश्कर्ष**

जुगल गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत सबल पक्षहरुलाई बढाउँदै लैजानुपर्ने, कमजोर पक्षहरुलाई सुधार गर्नुपर्ने, अवसरहरुको सदुपयोग एवं चुनौतीहरुलाई पार लगाउनु प्रथम कार्य हुनुपर्छ । नेपाल पनि संयुक्त राष्ट्र संघको पक्ष राष्ट्र भएको हुँदा GESI लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता एवं दीगो विकासका लक्ष्यहरुलाई कार्यान्वयन गर्ने सवालमा यसलाई जुगल गाउँपालिका सुहाउँदो स्थानीयकरण गर्नु जरुरी छ । नेपालको संविधान, आवधिक योजना, GESI लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री कानूनहरु, बेलाबेलामा नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका परिपत्रहरुको पालनाले पनि लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति योजनाको सोच, ध्येय, लक्ष्य, उद्देश्य प्राप्त गर्न मद्दत पुगेको हुन्छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई अन्तरसम्बन्धीत विषयको रुपमा स्वीकारी गाउँपालिकाबाट सम्पादन हुने हरेक क्रियाकलापहरुलाई GESI लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन सकेमा यो रणनीतिले आफ्नो दीर्घकालीन सोच हाँसिल गर्न सक्दछ । गाउँपालिकाको राजनीतिक संरचना र प्रशासनीक संरचना सचेत भई लाग्नुपर्ने देखिन्छ । गाउँपालिकाभित्र सक्रिय रहने स्थानीय क्लब, समूह, सञ्जाल, समिति, संघ तथा संस्थाहरु, सञ्चार माध्यमहरुले GESI का मुद्दाहरुलाई अपनत्व लिई रणनीतिलाई सफल बनाउनुपर्दछ । सामाजिक न्याय सहितको सभ्य, समतामूलक, स्वस्थ र समृद्ध जुगल निर्माण गर्न सबैको हातेमेलोको आवश्यक छ । पक्कै ५ वर्ष पछि जुगल गाउँपालिकाले मूहार फेर्ने छ ।

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लोक बहादुर वि.क
प्रमुख प्रशासकिय अधिकृत